**REGIONAL NEWS UNIT**

**आकाशवाणी**

**BROADCAST: 18:40 hrs** **Date: 09.04.2024**

**CM inaugurates CMMS: IPR**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान पाकिम जिल्लाको आसाम लिङ्जेमा 'मुख्यमन्त्री नमूना विद्यालय' को औपचारिक उद्घाटन गर्नुभयो। उहाँका साथमा शिक्षामन्त्री राजु बस्नेत पनि उपस्थित हुनुहुन्थ्यो। आफ्नो सम्बोधनमा श्री तामाङले भन्नुभयो, "आज हामीले असम लिङ्जेमा पहिलो मोडेल स्कूलको उद्घाटन गऱ्यौं, जुन सबैका लागि, विशेष गरी विपन्न र योग्य विद्यार्थीहरूका लागि गुणस्तरीय, समावेशी र समग्र शिक्षामा पहुँच प्रदान गर्ने परिकल्पना गरिएको संस्थान हो। उहाँले शिक्षा, शैक्षिक सफलताको माध्यम मात्र नभई, यो सशक्तिकरण, समानता र प्रगतिको आधार हो अनि धेरै लामो समयदेखि, दुर्गम र आर्थिक रूपमा कमजोर पृष्ठभूमिका धेरै बालबालिकाले आफूले पाउने अवसरहरू पाउन सङ्घर्ष गरिरहेको र यस नमूना स्कूलको स्थापनाले त्यस खाडललाई पुर्ने दिशामा महत्त्वपूर्ण कदम चाल्ने भएकाले प्रत्येक बालबालिकाले आफ्नो परिस्थिति जस्तोसुकै भए पनि, सिक्ने, वृद्धि हुने र फस्टाउने मौका पाएको सुनिश्चित हुने बताउनुभयो। उहाँले अझ भन्नुभयो, म यस संस्थानले युवा दिमागलाई ज्ञानले मात्र नभई मूल्यमान्यता, अनुशासन, रचनात्मकता र उद्देश्यको भावनाले प्रेरित गर्नेछ भन्ने कुरामा विश्वस्त छु। यो सिक्किमका भावी पुस्ताका लागि आशा र उत्कृष्टताको ज्योति हो। मुख्यमन्त्रीले शिक्षा विभाग, निर्देशक, संकाय सदस्य, कर्मचारी र सबैभन्दा महत्त्वपूर्ण नमूना स्कूलका विद्यार्थीहरूप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै, यो नयाँ सुरुवातले सिकाइ, उपलब्धि, र बाधाहरू तोडेर नयाँ यात्राको सुरुवात गरोस् भन्ने कामना गर्नुभयो।

**CM Charter School: IPR**

सिक्किम सरकारले समग्र शिक्षा राज्य परियोजना कार्यालयमार्फत, आधिकारिक रूपमा पाङ्थाङ SAP प्राइमेरी स्कूलमा दोस्रो मुख्यमन्त्री चार्टर स्कूल, CMCS स्थापना गर्ने घोषणा गरेको छ। यो पहल सार्वजनिक शिक्षाको पुन: परिकल्पना गर्न र अभिनव सार्वजनिक-निजी साझेदारीमार्फत आधारभूत शिक्षालाई सुदृढ पार्ने राज्यको जारी प्रयासहरूमा महत्त्वपूर्ण कदम साबित हुनेछ। पाङ्थाङ SAP प्राथमिक विद्यालयलाई नमूना मुख्यमन्त्री चार्टर विद्यालयको स्थापना र रूपान्तरणका लागि कार्यान्वयन साझेदारका रूपमा क्याटालिटिक एजुकेशन फाउण्डेसन, KCF लाई चयन गरिएको छ। मुख्यमन्त्रीको चार्टर स्कूल मोडेलले स्थानीय आवश्यकताहरू, सामुदायिक स्वामित्व, र परिणाम-सञ्चालित शिक्षण अभ्यासहरूलाई प्राथमिकता दिने विद्यार्थी-केन्द्रित, समावेशी, र उच्च गुणस्तरको सिकाइ वातावरणलाई जोड दिन्छ। दोस्रो CMCS को सुरुवातसँगै, सिक्किम सरकारले राज्यको सबैभन्दा दुर्गम र सेवा नपुगेका क्षेत्रहरूमा चार्टर स्कूल मोडेलको प्रभावलाई गहिरो बनाउने लक्ष्य राखेको छ। यस पहलले शैक्षिक नतिजामा सुधार मात्र नभई शिक्षाविद् र स्थानीय सरोकारवालाहरूबीच समुदायको सहभागिता र क्षमता निर्माणको गहिरो भावनालाई बढावा दिने अपेक्षा गरिएको छ।

**NFICI: IPR**

भारतीय सूचना आयोगको राष्ट्रिय संघ, NFICI ले अप्रेल 8 देखि 9, 2025 मा चौधौँ वार्षिक साधारण सभा र बत्तिसौँ बोर्ड अफ गभर्नर्सको बैठक गुवाहाटी, असममा आयोजना गऱ्यो। बैठकको उद्देश्य विभिन्न राज्य सूचना आयोगहरूबीचको सहकार्यलाई बढावा दिन र देशमा पारदर्शिता, जवाफदेहिता, र सूचनाको अधिकार ढाँचासम्बन्धी प्रमुख मुद्दाहरूमा छलफल गर्नु रहेको थियो। कार्यक्रममा आर.टी.आई ऐनको कार्यान्वयन, अन्तर-आयोग सहयोग, शासनमा डिजिटल नवाचार, र राज्यहरूमा उत्कृष्ट अभ्यासहरूसम्बन्धी महत्त्वपूर्ण विषयहरू समेटिएका थिए। यस बैठकमा सिक्किम सूचना आयोगको प्रतिनिधित्व राज्य सूचना आयुक्त श्री कुबेर भण्डारीले गर्नुभयो।

**SABA-Boxing: Social Medi**

सिक्किम एमेच्योर बक्सिङ संघ, SABA ले अप्रेल 10 देखि 13, 2025 सम्म भुटानको थिम्पुमा आयोजित हुने चौथो राष्ट्र कप बक्सिङ क्लब 2025 मा आफ्नो सहभागिता घोषणा गरेको छ। यो प्रतिष्ठित प्रतियोगिता भुटान बक्सिङ महासंघले आयोजना गरेको हो र यसमा बक्सिङ क्षेत्रका सबै क्लबहरू समावेश छन्। SABA टोलीको नेतृत्व अर्जुन पुरस्कार विजेता एवं साबा अध्यक्ष, जसलाल प्रधान र द्रोणाचार्य पुरस्कार विजेता एवं सम्मानित बक्सिङ प्रशिक्षक सन्ध्या गुरूङले गर्दै हुनुहुन्छ।

**Weather: M.O Gangtok**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन **19.9** डिग्री सेल्सियस र न्यूनतम तापमन **13.9** डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान **20** डिग्री सेल्सियस र न्यूनतम तापमान **13** डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।